नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालयः मेनरोड वीरगञ्ज (पर्सा)
प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

# आ.ब ०७१/७२ को चौंथो त्रैमासिकसम्मको वित्तीय परिणाम

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण भएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.४ सम्म) | २५,६८२,६५४,४४५ | २३,५८४,१०२,५२० | ८,९०५,०८९,६४० |
| १.१ | चुक्ता पूँजी | १,७३४,000,000 | १,०८३,७५०,000 | १,०८३,७५०,000 |
| १.२ | जगेडा तथा कोष | २००,१०४,२६२ | ८९२,३२३,६१५ | ६८८,९८९,६७८ |
| १.३ | जीवन बीमा कोष | २३,६४८,६६२,४२५ | २१,५२५,७६६,०५७ | १७,०५०,८१३,६९२ |
| १.४ | महाविपत्ती कोष जगेडा | ९९,८८७,७५८ | ८२,२६२,८४८ | ८१,५३६,२७० |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | २५,६८२,६५४,४४५ | २३,५८४,१०२,५२० | ८,९०५,०८९,६४४ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३३०,९६०,८९९ | ३२४,३०४,४३२ | ३३६,६०९,६८१ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ६,४९३,७७०,९८४ | १६,३२४,९६५,२६७ | ९,०५९,२६७,३९९ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २,१११,९७५,६५४ | १,९१३,८८४,९८७ | १,४४७,३५३,४४७ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | १६,७३३,७६८,९२६ | ५,००१,१४३,९३८ | ८,०४२,३३०,२४१ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १२,१७७,९८२ | १९,८०३,८९५ | १९,५२८,८७६ |
| २.६ | **नाफा नोक्सान हिसावबाट सारेको नोक्सान** | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | १८,०६१,३४१,४५२ | ६,१६१,२८८,८४८ | ९,१७७,४१४,३८३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ५७७,३२७,४७३ | ९५,४०९,७६० | १८१,५५७,२३३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १५,९०३,३९७,२७२ | ४,६७५,०६६,४८१ | ७,८२८,८६२,६६२ |
| ३.३ | अन्य सम्पत्ती | १,५८०,६१६,७०७ | १,३९०,८१२,६०७ | १,१६६,९९४,४८८ |
| ४ | चालु दायित्व तथा ब्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | १,३२७,५७२,५२६ | १,१६०,१४४,९१० | १,१३५,०८४,१४२ |
| ४.१ | चालु दायित्व | ६२७,९६४,१७४ | ३६८,०९५,७७३ | ४४९,६११,६६२ |
| ४.२ | असमाप्त जोखिम वापत ब्यवस्था | ३५७,३४१,५०० | ४०६,३५५,०३४ | ३५७,३४१,५०० |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १७३,५५१,८२७ | १००,३११,८८२ | ७८,३८८,२६३ |
| ४.४ | अन्य ब्यवस्था | १६८,७१५,०२५ | २८५,३८२,२२० | २४९,७४२,७१७ |
| | **नाफा-नोक्सान हिसाब** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ४४२,७५३,५६९ | २७६,०४७,०५६ | ७५१,८४९,३६५ |
| १.१ | आय ब्यय हिसावबाट सारेको | ३१०,१९२,३८७ | २०५,८३४,३४५ | ३१३,४८८,३४० |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | २९३,१८६,७२४ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ११६,२८५,४७४ | ७०,२१२,७११ | १११,७५५,३८८ |
| १.४ | ब्यवस्था फिर्ता | १६,२७५,७०८ | – | ३३,४१८,९१३ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | ब्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | २६३,०३७,४९६ | १६५,९५२,३२१ | १३७,७३७,४८० |
| २.१ | ब्यवस्थापन खर्च | १७८,२५४,०७१ | ४५,०९३,७५५ | ५७,०८९,३१७ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि ब्यवस्था | ६६,८११,८१८ | १०७,८९१,९०९ | ४,५४६,४९८ |
| २.५ | कर्मचारी आवास ब्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस ब्यवस्था | १७,९७१,६०७ | ११,१८७,३९९ | ६२,७३५,६२३ |
| २.७ | आयकर | – | १,७७९,२५८ | १३,३६६,०४२ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | १७९,७१६,०७३ | ११०,०९४,७३५ | ६१४,१११,८८५ |
| | **एकिकृत आय-व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | १०,०९४,३५३,५४१ | ६,९८२,८८२,१५८ | ७,४४७,७७६,६०५ |
| १.१ | बीमाशुल्क (खुद) | ७,९९७,१८८,१५५ | ५,३४०,२०४,०९१ | ५,५५७,८९४,४८१ |
| १.२ | पुनर्बीमा कमिशन आय | १०,४५६,२४४ | १२,८५०,८९० | ११,२८०,९४२ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | १,३९१,८४८,३३३ | १,०२०,४८१,१२५ | १,४०२,४६५,९८० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १९०,१६९,०४८ | १४२,३१७,९४५ | १३४,८८१,९४२ |
| १.५ | अन्य प्रत्यक्ष आय | ६८,९६१,९९८ | ३१,२९८,३४४ | ३७,७५३,४८७ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | ७८,३८८,२६३ | ७८,३८८,२६३ | ५२,६९५,९८९ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत ब्यवस्था | ३५७,३४१,५०० | ३५७,३४१,५०० | २५०,८०३,७८४ |
| २ | ब्यय (२.१ देखि २.१० सम्म) | ३,१८६,३१२,४२१ | २,२९४,१९१,३६६ | २,३६९,७६१,८०९ |
| २.१ | दावी भुक्तानी (खुद) | ९२३,१८५,७०४ | ६४७,९०३,२८२ | ७२९,९८२,८९७ |
| २.२ | अभिकर्ता कमिशन | १,०५१,७३८,४९१ | ६३१,५४२,८६४ | ६०४,७२१,६९३ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ६,८४६,८२१ | ५,१९०,३७६ | १४,०५२,००६ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ७९,८२३,९८९ | ५३,४०२,०४१ | ५५,७३४,६३७ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ५,२६४,६६२ | – | ३,७५९,८१५ |
| २.७ | ब्यवस्थापन खर्च | ५८७,७१३,७८७ | ४०५,८४३,७९९ | ४०८,६३५,०२७ |
| २.८ | आयकर | ८४५,६४० | ४३,६४२,०८८ | ११७,१४५,९७१ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था | १७३,५५१,८२७ | १००,३११,८८२ | ७८,३८८,२६३ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत ब्यवस्था | ३५७,३४१,५०० | ४०६,३५५,०३४ | ३५७,३४१,५०० |
| ३ | बचत (१-२) | ६,९०८,०४१,१२० | ४,६८८,६९०,७९२ | ५,०७८,०१४,७९६ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ६,५९७,८४८,७३३ | ४,४८२,८५६,४४७ | ४,७६४,५२६,४५६ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३१०,१९२,३८७ | २०५,८३४,३४५ | ३१३,४८८,३४० |
| | **अन्य विवरण** | | | |
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | २९,९००,८९२ | २७,२६३,७२३ | २१,८०८,४८७ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | ८,०९२,४०५ | ५,४५५,२३७ | ५,६७५,४८६ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,०१९,६३५ | १,०१२,०३१ | ९२१,०९३ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७०-७१ को) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७१-७२ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ९७२,३१२ | ६६९,८२७ | ७७९,१०९ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | १७,१६६ | १२,६४१ | १५,६१४ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १७३,५५२ | १००,३१२ | ७८,३८८ |

**द्रष्टव्यः**
१) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।
२) आ.व.२०७१/७२ को विमाङ्किय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा समायोजन गरिएको छैन ।

# आ.व. २०७१/०७२ को चौंथो त्रैमासिक प्रतिवेदने

## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) **वित्तिय विवरण**

क) चौंथो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७२/०४/३२ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

| | |
|---|---|
| प्रति शेयर आम्दानी : १०.३६ | प्रति शेयर नेटवर्थ : ११७.३० |
| पि.ई. अनुपात : २७८.४६ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १९३.८६ |
| औसत प्रतिफल दर : ८.२५ | |

*आ.व.२०७१/७२ को विमाङ्किय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा समायोजन गरिएको छैन ।


समिक्षा अवधिको अन्त्य तिर सेयर बजार बढेतापनि समग्रमा कम्पनीले नोक्सानीको लागि रु ६.९३ करोड ब्यवस्था गरे पश्चात पनि कम्पनीले रु.१७.९७ करोड मुनाफा आंजन गरेको छ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ६५९.७८ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.२,३६४.८६ करोड भएको छ ।


२) **व्यवस्थापकिय विश्लेषण**

क) कम्पनीको चौंथो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.८०९.२४ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. ५६७.५४ करोडको तुलनामा ४२.५९ प्रतिशतले बृद्धी भएको हो । कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योगदान मिलेको छ ।

कम्पनीले यस चौंथो त्रैमासिक अवधिसम्ममा कुल रु. ९७.२३ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ । कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ ।


कम्पनीले चौंथो त्रैमासिक अवधिसम्ममा रु. २४.५१ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १८.३४ अर्व मा ३३.६४ प्रतिशतको बृद्धी हो । विधमान वजारमा लगानीको प्रतिफल अति न्यून हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण यस आ.व. २०७१/७२ को औसत प्रतिफल समेत उत्साहजनक रहेको छ ।





*आ.व. २०७१/७२ मा चौंथो त्रैमासिक अवधिसम्मको मात्र कुल लगानी तथा जीवन वीमाकोष उल्लेख गरीएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण :** नभएको

४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | |
|---|---|---|
| अधिकतम मूल्य : रु ४,४०५ | न्यूनतम मूल्य : रु २,२४५ | अन्तिम मूल्य : रु २,८८६ |
| कारोबार संख्या : २,३३,२७० कित्ता | कारोबार दिन : ४७ दिन | |

५) **समस्या र चुनौती**

मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ । अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यद्दपी वीमा समितिवाट हालै जारी लगानी नीतिले लगानी विविधिकरणमा सघाउ पुर्‍याउने देखिन्छ । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ । हालै गएको महाभुकम्पले सुरक्षात्मक उपायहरु समयमै अवलम्बन गर्न ढिलो गर्न नहुने तर्फ ठूलो शिक्षा प्रदान गरेकोले मुलुकमा जीवन वीमा सचेतना बृद्धि गर्नंपर्ने आवश्यक्ता रहेको छ ।

६) **संस्थागत सुशासन**

कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

८) **नियम २२ (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण:** नभएको

किनकि जीवन अमूल्य छ...